# माछापुच्छ्रे गाउँपालिका, कास्की
## आर्थिक वर्ष २०८२/८३ को
## वार्षिक नीति तथा कार्यक्रम

सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,
कर्मचारीहरु, सञ्चारकर्मीहरु एवं उपस्थित महानुभावहरु ।

माछापुच्छ्रे हिमालको काखमा रहेको यस माछापुच्छ्रे गाउँपालिकाको गाउँसभाको १७ औं अधिबेशनमा आ.व. २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा असाध्यै खुशी लाग्नुका साथै गौरव महसुस गरेको छु । यस महत्त्वपूर्ण अवसरमा लोकतन्त्रको प्राप्ति एवं गणतन्त्रको स्थापनका खातिर विभिन्न काल खण्डमा र आन्दोलनको क्रममा ज्यानको आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु । राष्ट्रिय स्वाधिनता, लोकतन्त्र, सुशासन र सम्वृद्धिको लागी नेतृत्व गर्नु हुने आदरणीय नेतागण, नागरिक समाज, सञ्चारजगत तथा सहभागी सम्पूर्ण जनसमुदायमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । समय सापेक्ष र आवश्यकता अनुरुप जनताको चाहना वमोजिम व्यवस्था परिवर्तनको युगान्तकारी आन्दोलनको अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुलाई उच्चसम्मान सहित स्मरण गर्न चाहान्छु ।

माछापुच्छ्रे गाउँपालिका लोकतन्त्रका आधारभूत सिद्धान्त, विधिको शासन, मानव अधिकार, सुशासन, सामाजिक न्याय, सहकार्य, सहअस्तित्व, समन्वय जस्ता समतामूलक सिद्धान्तको पालना गर्न पूर्ण प्रतिबद्ध रहेको जानकारी गराउँदछु ।

लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनासँगै राज्यलाई नयाँ ढङ्गबाट परिभाषित गर्दै राज्य शक्तिको प्रयोग संघीय अवधारणा अनुरुप संघ, प्रदेश र स्थानीय तहले गर्ने प्रमुख विशेषता सहित जारी भएको नेपालको संविधान ९ औं वर्ष पूरा गरी १० औं वर्षमा प्रवेश गरेको हामी सबैमा विदितै छ ।

संविधान एवं कानूनमा निर्देश भए बमोजिम संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतका आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट तय गर्ने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने हाम्रो अहम दायित्त्व एवं जिम्मेवारी भए रहेको व्यहोरा सबैमा अवगतै छ । यसको अतिरिक्त आफ्नो पाँच वर्षे कार्यकाल अन्तर्गत चौथो वर्ष प्रारम्भ गर्दै गरेका हामी समस्त जनप्रतिनिधिहरुलाई निर्वाचित गरी पठाउनु भएकोमा सम्पूर्ण गाउँपालिकाबासीहरुप्रति पनि उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

हामी समृद्धिको यात्रामा छौ । हामीले तय गरेको **"पर्यटन, कृषि, उर्जा र गुणस्तरीय पूर्वाधार : समुन्नत माछापुच्छ्रे निर्माणको मूल आधार"** भन्ने मूल नारा सहितको दीर्घकालिन सोचलाई साकार पार्ने प्रतिवद्धताका साथ विभिन्न क्षेत्रगत विषयहरुलाई समेट्ने जमर्को गर्दै यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरु समक्ष उपस्थित भएको छु।

विगतमा निर्वाचनका समयमा विभिन्न दलहरुका तर्फबाट आ-आफ्नो घोषणापत्र एवं कार्यक्रमहरु सहित परस्परमा मित्रवत प्रतिस्पर्धामा उत्रियौ तापनि माछापुच्छ्रेको समृद्धि र विकासका लागि हामी विभिन्न दलमा आवद्ध सवैको साझा लक्ष्य र गन्तव्य हो।

यसै मान्यतालाई आत्मसाथ गर्दै **"समृद्ध माछापुच्छ्रे पालिका हामी सवैको दायित्व"** भन्ने दायित्ववोधका साथ आज समग्र जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी, विषयविज्ञ, अनुभवी पेशाविद् सीमान्तकृत वा लोपोन्मुख समुदाय, महिला, वालवालिका, ज्येष्ठ, युवा, दलित, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक लगायतका सरोकारवालाहरुका वीचमा विभिन्न चरणमा व्यापक एवं खुला रुपमा छलफल, बहस, गोष्ठी, अन्तरक्रिया विश्लेषणहरुलाई समेटदै यो नीति तथा कार्यक्रम तयार गरीएको तथ्य यहाँहरुलाई स्पष्ट पार्न चाहान्छु ।

यति खेर हामी दोस्रो कार्यकालको चौथो वर्षमा खुट्टा टेक्दै गरेका छौ । नेपालको संविधान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्य सम्बन्धित ऐन, नियमको परिधिभित्र रहेर स्थानीय सरकार सञ्चालन गरीरहेका छौ ।

गाउँपालिकाले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य संघीय तथा प्रदेश ऐनसँग नबाझिने गरी गाउँपालिका कार्यसम्पादन गर्न आवश्यकता अनुसार ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका र आचारसंहिता आवश्यकता अनुसार निर्माण गरीसकेका छौ ।

यथार्थमा नागरिकका अपेक्षा र आवश्यकता सँगै समस्याहरु पनि उत्तिकै होलान् । हामीसँग उपलब्ध सीमित स्रोत र साधनका बाबजुद नागरिकका असीमित आवश्यकतालाई यथासम्भव क्रमिक रुपमा सम्बोधन गर्नु हाम्रो जिम्मेवारी र दायित्व दुवै हो ।

साँच्चै भन्नु पर्दा सहभागितामूलक योजना पद्धति, प्रभावकारी अनुगमन, दैनिक सेवा प्रवाहको प्रभावकारिता, पारदर्शिता, सुशासनसँगै हामीले अवलम्बन गरेका नीति, योजना कार्यक्रम एवं व्यवहारका कारण पालिकावासीहरु सबैमा हामी र हाम्रो पालिका परिवार प्रति विश्वास, आस्था अभिवृद्धि गरेको छ भन्ने हाम्रो साझा वुझाइ रहेको छ । यहाँहरुका लागी हाम्रो पालिका सदा खुला रहने छ । यसका लागी यहाँहरुलाई हार्दिक स्वागत पनि छ।

यस गाउँपालिकाको समग्र पक्षमा ध्यान दिदै आगामी आर्थिक वर्ष २०८२/८३ को गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु देहाय वमोजिम रहेको व्यहोरा यस सम्मानित सभालाई अनुरोध गर्न चाहान्छु ।

- नेपालको संविधान २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु
- स्थानीय सरकार संचालन ऐन, नेपाल सरकार, गण्डकी प्रदेश सरकारले जारी गरेका नीति, नियम, ऐन साथै माछापुच्छ्रे गाउँपालिकाले पारित गरेका विभिन्न नीति, नियम र कानूनहरु
- नेपाल सरकार र गण्डकी प्रदेश सरकारका आवधिक योजना,
- कार्यक्रम तथा वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन,
- विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता तथा प्रतिवद्धताहरु,
- नागरिकको आर्थिक अवस्था र अपेक्षा,
- स्रोत र साधनको उपलब्धता र सम्भावना
- राजनैतिक दलका रचनात्मक सुझाव,
- गाउँसभाका सदस्य र विषयगत समितिबाट प्राप्त पृष्ठपोषण,

अब म माछापुच्छ्रे गाउँपालिकाको आगामी आ.व. २०८२/८३ को विषय क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

## आर्थिक विकास समिति

## कृषि क्षेत्र

**" दिगो कृषि, सुरक्षित भविष्य "**

१. विभिन्न तरकारीजन्य बालीको उत्पादन लागत अनुसारको आम्दानी गर्नको लागी कृषि उपजको न्युनतम समर्थन मूल्य कायम गरी कम मुल्यमा बिक्रि हुने वा बिक्री नहुने अवस्था आएको खण्डमा न्युनतम समर्थन मूल्य तोकी उत्पादन सार्थक बनाउन न्युनतम मूल्य अनुदान उपलब्ध हुने ब्यबस्था मिलाईनेछ।

२. गाउँपालिका भित्र सक्रिय रुपमा संचालित उत्पादनमुलक कृषि सहकारी एवम कृषक समुहको सहकार्यमा कृषि उत्पादन संकलन केन्द्रको स्थापना गरी गाउँपालिकामा उत्पादित सम्पूर्ण कृषि उपजहरु एकै थलोबाट बिक्री हुने वा निकासी हुने व्यवस्था मिलाइनेछ ।

३. उत्पादन प्रवर्धन एवम उत्पादकत्व बृद्धि गराउने उदेश्यका साथ कृषि उत्पादन ढुवानीमा प्रोत्सहान अनुदानको व्यवस्था मिलाइनेछ ।

४. कृषक वर्गिकरण साथै कृषि व्यवसाय तथा समूह दर्ता गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५. गाउँपालिका भित्र सबै क्षेत्रलाई समेट्ने गरी उत्पादन बृद्धि को लागी माटो परिक्षण गरी माटो सुहाउदो बाली लगाउन प्रोत्सहान गरीनेछ ।

६. कृषकको आबश्यकता र मागलाई सम्बोधन गरी कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकरण, व्यवसायीकरण द्वारा उत्पादन र उत्पादकत्व बृद्धि गर्नकोलागीकृषक सँग अध्यक्ष कार्यक्रम कार्यन्वयन गरीनेछ ।

७. युवालाई लक्षित गरी कृषि पेशामा स्थानीय स्तरमै रोजगारी सिर्जना गर्नको लागी साझेदारीमा आधारित उत्पादनमुखी युवा लक्षित कार्यक्रम संचालन गरीनेछ ।

८. कृषकको साझेदारीमा व्यवसायीक खेतीमा उन्मुख गराउनका निम्ति प्लास्टिक घर निर्माण गर्न आवश्यक टनेल प्लास्टिकमा अनुदानको व्यवस्था गरीनेछ ।

९. कृषकको खेतबारीमा देखापर्ने रोग किराको समयमा रोग निदान साथै समस्या समाधानको उपाय एवम बाली संरक्षण लगायत विषयमा जानकारी दिनका निम्ति बाली उपचार शिविर साथै आकस्मिक बाली संरक्षणका कार्यक्रम संचालन गरीनेछ ।

१०. अदुवा/बेसार बालीको नयाँ पकेट क्षेत्र स्थापना गरीनेछ ।

११. सक्रिय कृषक समुहका सदस्य एवम अगुवा कृषकलाई मध्यनजर गरी नयाँ तथा उन्नत तरकारी बालीको बिउमा सहयोग गरीनेछ ।

१२. निर्वाहमुखी कृषि प्रणालीको रुपान्तरण गरी व्यवसायीक र उत्पादकत्व बृद्धि मार्फत दिगो र सम्मानजनक कृषि पेशालाई रोजगारी र आम्दानीको उपयुक्त क्षेत्रको रुपमा विकास गरीनेछ ।

१३. किसान सूचीकरणको माध्यमद्वारा किसानको बर्गिकरण गरी तिनै तहका सरकारबाट कृषि सम्बन्धी हरेक सेवा सुबिधा प्राप्त गर्न अनिवार्य रुपमा किसानको सूचीकरण एवम किसान परिचय पत्र वितरण गर्ने कार्यलाई अघि बढाइनेछ ।

१४. मौरी प्रबर्धन कार्यक्रमलाइ निरन्तरता र मौरी चरण क्षेत्र विस्तार एवम व्यवस्थापनका लागी तेलहन बाली प्रवर्धन कार्यक्रम संचालन गरीनेछ ।

१५. जलबायु परिबर्तन र प्रकोपबाट पर्ने नकरात्मक असर न्यूनीकरण गर्दै जलवायु अनुकुल तथा उत्थानसील प्राङगारिक एवम जलवायु मैत्री कृषि कार्यक्रम संचालन गरीनेछ ।

१६. बालीको उत्पादन एवम उत्पादकत्व आकलन गर्नको लागी विभिन्न बालीमा बाली कटानी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७. संघीय कृषि थोक बजारको समन्वयमा विषादी न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम संचालन गरीनेछ।

१८.	आलु उत्पादनलाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## पशुपंक्षी क्षेत्र

**"स्वस्थ्य पशुपंक्षी : समुन्नत किसान"**

१९.	पशुजन्य उत्पादनको उत्पादन लागत घटाई उत्पादनमा बृद्धी गर्न घाँस खेतीमा जोड दिइने छ ।

२०.	"स्वच्छ पशुपन्छी समुन्नत किसान" भन्ने नारालाई साकार पार्न विभिन्न महामारीजन्य संक्रमण रोगहरु विरुद्ध पशुमा खोप अभियान सञ्चालन गरीनेछ ।

२१.	पशु चौपायाहरुलाई विभिन्न आन्तरिक तथा बाह्य परजीविबाट जोगाउन आन्तरिक कार्यक्रम संचालन गरीने छ ।

२२.	कृत्रिम गर्भाधान मार्फत पशुको नश्ल सुधार गरी उत्पादकत्व बढाउन निरन्तर कार्यक्रम संचालन गरीनेछ।

२३.	प्रजनन विकृतिका कारण उत्पादन विहीन भएका पशुहरुलाई बाँझोपन निवाकरण शिविर मार्फत प्रजनन समस्याको पहिचान गरी आवश्यक उपचार गरी पुन उत्पादनशील बनाइने छ ।

२४.	कृषकहरुलाई व्यवसायीक पशुपालन सम्बन्धी तालिम सञ्चालन गरीने छ ।

२५.	पशुपंक्षी बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक कदम चालिने छ ।

२६.	हल गोरु पाल्ने कृषकहरुलाई गोरु पाल्न प्रोत्साहन गरीने छ ।

२७.	रैथाने पशु संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरीने छ ।

२८.	दुध र मासुमा आत्मनिर्भर भई निर्यात बढाउन गाई/भैंसी तथा भेडा/बाख्रा प्रवर्धन कार्यक्रम सञ्चालन गरीने छ ।

२९.	घुम्ती गोठहरुलाई प्रोत्साहन स्वरुप आवश्यक लजिष्ट्रिक सामानहरु वितरण गरीने छ ।

## पर्यटन तथा संस्कृति

३०.	माछापुच्छ्रे गा. पा. वडा नं. ८ लाई पाइलोटिङ प्रोजेक्टको रुपमा Digital Nomad Destination मा बिकास गर्नको निम्ती निजी क्षेत्रसँग सहकार्य गरीनेछ ।

३१.	साहसिक पर्यटन प्रवर्द्धनको लागि वडा नं. ८ मा रहेको माझिवगर लगायतका स्थानमा पर्यटकीय जलखेल Wake Park /Water Ski संचालनको निमित्त आवश्यक सम्भाव्यता अध्ययन गरी माछापुच्छ्रे गाउँपालिकाभित्रका गैर आवासीय नागरीक(NRN) सँगको समन्वयमा क्रमश: लगानी विस्तारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३२.	माछापुच्छ्रे गाउँपालिकाको मर्दी हिमाल लगायत अन्य पदमार्गहरुमा पदयात्रीहरुको आपतकालिन खोजतलास तथा उद्धारको निमित्त दक्ष जनशक्ति उत्पादन गरीनेछ।

३३.	माछापुच्छ्रे गाउँपालिकाको पर्यटन प्रवर्द्धनको लागी सहयोगी निकायहरुसँग साझेदारीमा पूर्वाधार विकासका कार्यहरु सञ्चालन गरीनेछ ।

३४.	मर्दीहिमाल पदमार्गका पिता स्वर्गीय सुदिप गौतमको अर्ध शालिक सहितको पार्कको पुनर्निर्माण र स्तरोन्नती गरीनेछ ।

३५.	माछापुच्छ्रे गाउँपालिका पर्यटकीय पालिका समेत रहेको हुदा पर्यटकको आकर्षण कफी र वेकरीमा भएकोले वारिष्ता र वेकरी तालिम सन्चालन गरीनेछ ।

३६.	जलवायु प्रदुषणलाई मध्यनजर गरी शिखर संकटमाः हिमाल, प्रदुषण र हाम्रो भविष्य संवाद कार्यक्रम आयोजना गरीनेछ ।

३७.	हिमनदी, जलवायु, दिगो पर्यटनः मर्दी सेति संवाद-२०८२ आयोजना गरीनेछ ।

३८. पर्यटकिय राजधानी पोखराको मुख्य खानेपानिको स्रोत मर्दीखोला संरक्षणका लागी आवश्यक संवाद कार्यक्रम मर्दी, पोखरा र माछापुच्छ्रे संवाद कार्यक्रम आयोजना गरीनेछ ।

३९. माछापुच्छ्रे गाउँपालिका वडा नं. २ मा रहेको घोप्टेडाँडा एकीकृत धार्मिक तथा प्राकृतिक क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

४०. माछापुच्छ्रेको प्रमुख आधारको रूपमा रहेको पर्यटन क्षेत्रको पहिचान, विकास तथा विस्तारकोलागीगाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरूकालागीआवश्यक पूर्वाधारहरूको निर्माण कार्यलाई संघ र प्रदेश सरकारसँगको समन्वयमा आवश्यक व्यवस्था मिलाइने छ ।

४१. आन्तरिक र वाह्य पर्यटक आकर्षित गर्न फुल सहितको आर्क डिजाइनको फनपार्क, पानीको फोहोरा लगायतका अन्य प्राकृतिक तथा कृतिम संरचना निर्माण तथा व्यवस्थित गरीनेछ ।

४२. पर्यटकहरुलाई थप सेवा र सुरक्षा प्रदान गर्नकालागीपर्यटन सूचना केन्द्र स्थापना गरी पर्यटकीय क्षेत्रहरुमा पर्यटन सेवा शुल्क लिइनेछ।

४३. गाउँपालिका क्षेत्र भित्र संचालित होटल, रेष्टुरेन्ट, क्यानोनिङ लगायतका सम्पूर्ण पर्यटकीय व्यवसायहरुलाई राजश्वको दायरामा ल्याइनेछ ।

४४. माछापुच्छ्रे गाउँपालिका र पोखरा महानगरपालिकाको साझेदारीमा पर्यटन प्रवर्द्धनकोलागीपर्यटन पदमार्ग निर्माण गर्ने नीति लिइएको छ ।

४५. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरू, प्राकृतिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक पक्षहरूको प्रचार-प्रसार, संरक्षण तथा प्रवर्द्धन गरीनेछ ।

४६. पर्यटनलाई स्थानीय आयआर्जनको माध्यम बनाउने उद्देश्यले गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका होमस्टेहरुलाई व्यवस्थित रुपमा संचालन गर्नकालागीप्रबर्दनका कार्यक्रम संचालन गरीनेछ।

४७. माछापुच्छ्रे गाउँपालिकालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा डिजिटल नोम्याट (Digital Nomad) गन्तव्यको रुपमा विकास गरीने छ ।

४८. पर्यटकीय पदमार्ग क्षेत्रहरुमा आवश्यक पूर्वाधार, खानेपानी, विद्युत र फोहोरमैला व्यवस्थापन गर्ने नीति लिइनेछ ।

४९. अन्य सरकारी तथा गैरसरकारी संघ सँस्थाहरुसँग पर्यटनसँग सम्बन्धीत साझेदारीका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

५०. साहसिक पर्यटनका सम्भावित क्षेत्रहरू जस्तै: रक, क्लाइमिङ्, जिप फ्लायर, क्यानोनिङ्ग, हनिहन्टिङ्ग, प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन गरी आवश्यक पूर्वाधारको विकास तथा विस्तार गर्दै लगिनेछ।

५१. गाउँपालिका क्षेत्रमा रहेका नयाँ पर्यटकीय गन्तव्यहरुको खोजी गरीनेछ । साथै पर्यटकीय पदमार्गहरुको स्तरोन्नती तथा प्रवर्द्धनमूलक कार्यक्रम संचालन गरीनेछ ।

५२. दलित आदीवासी जनजातीको भाषा संस्कृति र सम्पदाको संरक्षण गर्दै उनीहरुको कला संस्कृति प्रदर्शन गरी पर्यटकहरुलाई आकर्षित गर्ने नीति लिइनेछ ।

५३. पर्यटकीय पदमार्ग तथा गन्तव्यमा पर्यटकहरुलाई आवश्यक समन्वय, सहजीकरण तथा सूचना प्रवाहमा टेवा पुऱ्याउन पर्यटक प्रहरी व्यवस्थाकोलागीसंघीय सरकारसँग आवश्यक पहल गरीनेछ ।

५४. सार्वजनिक पर्यटकीय स्थलहरुलाई नेपाल सरकार मातहतमा ल्याउन संघीय सरकारसँग आवश्यक सहयोग पहल गरीने छ ।

५५. पालिका क्षेत्रभित्र रहेका तातोपानी कुण्डहरुलाई व्यवस्थित गर्दे लगिने नीति लिइने छ ।

५६. माछापुच्छ्रे गाउँपालिका वडा नं. २ मा रहेको एकीकृत धार्मिक तथा प्राकृतिक क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५७. पालिका भित्र भ्रमण गर्ने पर्यटकहरुको दुर्घटना तथा मृत्यु भएमा उद्धार कार्यमा जोड दिइनेछ ।

## सहकारी

५८. सहकारी संस्थाहरुको क्षमता अभिबृद्धीको लागी सहकारी शिक्षा, सुचना प्रबिधि तालिम,नेतृत्व बिकास तालिम लगायतका तालिम प्रदान गरी प्रविधिमैत्री सहकारी कार्यलाई जोड दिइनेछ ।

५९. सहकारी अनुगमन र मुल्याङ्कनलाइ कडाइको साथ लागु गर्दै सुचना प्रबिधियुक्त प्रतिबेदनलाइ ओजारको रुपमा प्रयोग गर्ने नीति अबलम्बन गरीनेछ ।

६०. सहकारीमा आबद्ध गरीब,बिपन्न,आदिवासी जनजाती तथा अपांगता भएका ब्यक्ति र महिला सहकारी संस्थालाई लक्षित गरी बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. सहकारी संस्थाहरुलाई सहकारी ऐन बमोजिम मर्जर, विघटन,तथा एक ब्यक्ति एक सहकारीको व्यवस्स्थालाई कडाइका साथ लागु गरिनेछ।

## उद्योग

६२. स्थानीय वन पैदावार, प्राकृतिक स्रोत साधन, जडिबुटी, अल्लोमा आधारित उद्योगहरु गाउँपालिका तथा स्थानीयसँग साझेदारीमा गर्न लगानीमैत्री वातावरणको व्यवस्था गरीने छ ।

६३. स्थानीय प्रशासन एवम् सुरक्षा निकायको समन्वयमा कालो बजारी, एकाधिकार तथा कार्टेलिङ अन्त्य गर्ने तथा गुणस्तरीय र नियमित आपूर्ति सुनिश्चित गर्न संयुक्त बजार अनुगमन कार्यलाई उपभोक्ताको हक, हित र अधिकार संरक्षण गर्ने नीति अवलम्बन गरीनेछ ।

६४. संघीय सरकार तथा प्रदेश सरकारले जारी गरेको कानूनलाई मध्यनजर गर्दै औषधीय प्रयोजनको गाँजाको व्यवसायिक उत्पादन गर्ने कार्यलाई कानून बनाई अगाडी बढाइने छ ।

६५. गाउँपालिका, प्रदेश सरकार वा सरोकारवाला वीच लागत साझेदारीमा पशु आहार उत्पादन उद्योग सञ्चालन गरीनेछ ।

## खानी तथा खनिज पदार्थ

६६. गाउँपालिका क्षेत्रका संभावित ढुङ्गा, स्लेट लगायतका खानीजन्य पदार्थहरुको संभाव्यता अध्ययनकालागीआवश्यक पहल गरीनेछ।

६७. गाउँपालिकाको महत्वपूर्ण आन्तरिक आय श्रोतको रुपमा रहेको नदीजन्य पदार्थ, सार्वजनिक तथा निजी जग्गामा रहेको ढुङ्गा, गिट्टी, माटो र बालुवाको वातावरणीय अध्ययन गरी गराई उत्खनन गर्ने प्रक्रियालाई प्रभावकारी बनाइने छ ।

६८. स्थानीय तहको अधिकार तथा संरक्षण क्षेत्रसँग सम्बन्धीत कानूनहरुमा परस्पर बाझिएका कानूनहरु संशोधन गर्नकोलागीआवश्यक पहल गरीनेछ ।

६९. खानी तथा खनिज पदार्थहरुको अध्ययन तथा अन्वेषण गर्न संघीय सरकारसँग समन्वय गरीनेछ ।

## गैर सरकारी संस्था

७०. सार्वजनिक निजी साझेदारी ऐनको अधिनमा रही सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

७१. गैर सरकारी संस्थाहरुका कार्यक्रमहरुलाई एकद्धार प्रणालीबाट सञ्चालन गर्ने व्यवस्था गरीनेछ ।

७२. गाउँपालिकाभित्र क्रियाशिल गैर सरकारी संस्थाहरुलाई गाउँपालिकाको विकास लक्ष्य तथा प्राथमिकता प्राप्त क्षेत्रमा कार्यक्रम संचालन गरी गरीबी निवारण, क्षमता अभिवृद्धी, नागरीक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणमा जोड दिइनेछ ।

## सार्वजनिक सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन समिति

### सुशासन

७३. आर्थिक बर्ष २०८१/८२ सम्म लिइदै आएको नागरीकता सिफारिश दस्तुर आर्थिक बर्ष २०८२/८३ देखि नागरीकता सिफारिस नि:शुल्क गर्ने व्यवस्था मिलाइएको छ ।

७४. गाउँपालिकाबाट सम्पादन हुने कामहरुलाई प्रभावकारी बनाउन, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार विषयगत र क्षेत्रगत ऐन, नियमावली, कानून, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरी कार्यान्वयनमा जोड दिइनेछ ।

७५. सामाजिक सुरक्षा भत्ता वडाहरुमा गई वितरण गर्ने अभ्यासलाई आर्थिक वर्ष २०८२/८३देखि सबै वडाबाट नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

७६. स्थानीय सरकार जनताको सरकार भन्ने अभियानलाई साकार पार्न स्थानीय सेवाहरुलाई घुम्ती सेवाको रुपमा संचालन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

७७. पारदर्शिता एवं सुशासनकालागीपालिकाका सूचनाहरुलाई विद्युतीय तथा विभिन्न सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरीने छ ।

७८. गाउँपालिका कार्यालय तथा अन्तर्गतका सबै निकायहरुमा नागरीक बडापत्र लागु गरी कार्यान्वयनमा ल्याइने छ ।

७९. विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थल मै सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

८०. गाउँपालिका कार्यालय तथा मातहत कार्यालयबाट हालसम्म IPT मार्फत राजश्व लिने व्यवस्था गरीएकोमा आगामी आर्थिक वर्ष देखि नेपाल सरकारद्धारा स्वीकृत प्राप्त सुत्रबाट राजश्व संकलनलाई व्यवस्थित बनाइने छ ।

८१. प्रत्येक वडा कार्यालयहरुमा विद्युतिय माध्यमबाट सेवा प्रवाह सञ्चालन गर्ने कार्यमा जोड दिइने छ ।

८२. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आवश्यकताका आधारमा क्षमता विकास कार्यक्रम संचालन गरी सेवा प्रवाहलाई छिटो छरितो रुपमा सम्पादन गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

८३. विकास निर्माणका योजनाहरुको कार्यान्वय पक्षलाई प्रभावकारी, नतिजामुखी, गुणस्तरीय र जवाफदेही बनाउन अनुगमन र मूल्याङकनलाई निरन्तरता दिइने छ ।

८४. सार्वजनिक सेवा प्रवाहलाई नागरीकमैत्री बनाइने छ ।

८५. डिजिटल नागरीक वडापत्रलाई अध्यावधिक गरी सबै वडा कार्यालयमा सूचना बोर्ड, डिजिटल वोर्ड, सामाजिक सञ्जाल र वेवसाइड मार्फत जानकारी गराई नागरीकसम्म सूचनाको पहुँच सहज रुपमा पुर्याउने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

८६. गाउँपालिकाका सम्पूर्ण सूचना, वडा कार्यालयको विवरण, मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन र गाउँपालिकाको बार्षिक प्रतिवेदन तथा कार्यक्रम, ऐन, नियम, निर्देशिकाको लागी सूचना प्रविधिको अधिकतम प्रयोग गरीने छ ।

८७. गाउँपालिका भित्रका विभिन्न स्थानमा सवारी दुर्घटना तथा आपराधिक क्रियाकलाप न्यूनीकरण गर्न पालिका भित्रका सडकको मुख्य चोक तथा स्थानहरुमा सिसि क्यामेरा जडान गरी आवश्यकता अनुसार विभिन्न स्थानहरुमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

८८. गाउँपालिका तथा मातहत कार्यालयमा कार्यरत कर्मचारीहरुबाट कार्यालय समय भन्दा अतिरिक्त समय कामकाज गर्ने कर्मचारीहरुकालागीपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन भएसम्म कार्य सम्पादन र कार्यवोझका आधारमा अतिरिक्त सुविधा जस्तै प्रोत्साहन भत्ता, खाजा खर्च, फिल्ड भत्ता कार्यविधि बनाई आवश्यकताका आधारमा थप सुविधा उपलब्ध गराइने छ ।

८९. आन्तरिक पर्यटन प्रवर्द्धनकोलागीगाउँपालिक तथा मातहतका कार्यरत कर्मचारीहरुकालागी पर्यटन काजको व्यवस्था गरीने छ ।

९०. उपभोक्ता समितिलाई योजनाको प्रक्रियाको विषयमा जानकारी हुने गरी क्षमता विकास तालिम संचालन गरीने छ ।

९१. वडा स्तरीय जातिय विभेद तथा छुवाछुतको निर्मलीकरण गर्नकालागीविभिन्न कार्यक्रमको आयोजना गरीने छ ।

९२. भूमीहीन दलित/भुमीहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबास गरी बसेका व्यक्तिलाई प्रकृया पुरा गरी निस्सा वितरण गर्ने प्रकृयाकालागीआवश्यक व्यवस्था मिलाइने छ ।

९३. गाउँघरका विवाद स्थानीय स्तरमै समाधान गर्नकोलागीगठित वडा मेलमिलाप केन्द्रहरुको कार्यलाई प्रभावकारी तथा व्यवस्थित गरीदै लगिने छ ।

९४. न्यायीक काम कारवाहीबारे विद्यार्थीहरुलाई सुसूचित गराउने उद्देश्यले विद्यार्थीसँग न्यायीक समिति कार्यक्रम संचालन गरीने छ ।

९५. न्यायिक समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन न्यायीक इजलासको व्यवस्थापन गरी कार्यान्वयनमा ल्याइने छ ।

९६. न्यायिक उत्तरदायित्व र जवाफदेहीता अभिवृद्धि गर्न न्यायिक प्रक्रियालाई सरलीकृत गरी मेलमिलाप केन्द्रलाई अझ बढी जिम्मेवार बनाइने छ ।

९७. स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकर क्षेत्र भित्र रही न्यायिक समितिलाई चलायमान बनाउन क्षमता विकास, जनचेतनामूलक कार्यक्रम, असल अभ्यास आदान प्रदान, कानूनी परामर्श, न्यायिक निरुपण कार्यक्रम सञचालन गरी गाउँपालिकावासीलाई न्यायको प्रत्याभुत प्रदान गरीने छ ।

९८. पालिकाबाट सम्पादन गरीने सम्पूर्ण आर्थिक कारोवारहरु EFT (Electronic Fund Trensfer) विद्युतीय प्रणाली मार्फत भुक्तानी गरीनेछ ।

९९. सेवा प्रवाह छिटो छरितो गरी सेवाग्राहीलाई सहज रुपमा सेवा प्रदान गर्न गाउँपालिका कार्यालयमा रहेको स्वीकृत दरबन्दीले सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव पर्न गएमा कर्मचारी संगठन संरचना सर्वेक्षण (O & M) स्वीकृत गरी सेवा करारमा जनशक्तिको व्यवस्थापन मिलाइने छ ।

१००. योजनासँग सम्बन्धीत प्राविधिक लागत अनुमान तथा मूल्याङकन सर्वसाधरणले समेत बुझ्ने गरी नेपाली भाषामा तयार गरी लागु गरी सकिएकोले यसलाई निरन्तरता दिइने छ ।

१०१. संविधान बमोजिम मालपोत तथा नापी कार्यालय स्थानीय तहको मातहतमा राख्नु पर्ने कानूनलाई कार्यान्वयनमा ल्याउन सम्बन्धीत निकायसँग आवश्यक समन्वय गरीने छ ।

१०२. माछापुच्छ्रे गाउँपालिका भित्र व्यवसाय दर्ता भई सञ्चालनमा रहेका व्यवसायहरुको कर पौष मसान्त भित्र तिर्न आउने करदातालाई कर छुट दिई प्रोत्साहन गर्ने नीतिलाई निरन्तता दिइनेछ ।

१०३. माछापुच्छ्रे गाउँपालिकासँग समन्वय गरी सञ्चालन गरीरहेका संरचनाहरुको वहाल विटौरी कर संकलन गर्ने नीति लिइनेछ ।

१०४. गाउँपालिका अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुख तथा कर्मचारीहरु वीच कार्य सम्पादन सम्झौता गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइने छ ।

१०५. सेवा प्रवाहमा टोकन प्रणाली अवलम्वन गरीने छ । पालो पर्खने स्थानको व्यवस्था गरी उक्त स्थानमा सेवाग्राहीलाई आराम कक्षको माध्यमबाट बस्ने व्यवस्था मिलाइने छ ।

१०६. गाउँपालिकाबाट सञ्चालन हुने ठुला योजनाहरको ठेक्कापट्टा विद्युतीय बोलपत्र मार्फत गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१०७. पालिकाको समग्र क्षेत्रहरुको तथ्याङक संकलन अभिलेखीकरण र व्यवस्थापन गर्नका लागी डिजिटल भिलेज प्रोफाइलकोलागीसफ्टवयरको व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ ।

१०८. गरीबसँग विश्वेश्वर कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## विधायन समिति

१०९. गाउँपालिकाबाट वनेका ऐन, नियम, निर्देशिका, मापदण्ड, कार्यविधि हरुलाई राजपत्रमा प्रकाशित गरी एकीकृत सँगालो निर्माण गरी अभिलेख व्यवस्थापन गर्दै लगिने छ ।

११०. गाउँपालिकालाई आवश्यक पर्ने कानून निर्माण तथा संसोधन गरी लागु गर्ने कार्यलाई निरन्तरता दिइने छ । यसकालागीछिमेकी पालिकाहरुसँग आबश्यक समन्वय तथा असल अभ्यास आदान प्रदान गरीनेछ ।

१११. गाउँपालिकालाई आवश्यक पर्ने स्थानीय सरकारको कार्यक्षेत्र भित्र पर्ने कानून निर्माण कार्यलाई प्रभावकारी वनाउन छिमेकी पालिकाहरुको कानून निर्माण सम्बन्धी अध्ययन गर्न पाउँपालिका सदस्य र गाउँसभा सदस्य तथा कानून निर्माणमा संलग्न कर्मचारीहरुलाई अवलोकन भ्रमणको व्यवस्था गरीएको छ।

११२. गाउँपालिकालाई आवश्यक पर्ने कानून निर्माण तथा संसोधन गरी लागु गर्ने कार्यलाई निरन्तरता दिइने छ।

## सामाजिक विकास

### शिक्षा

११३. स्थानीय कला, संस्कृति, साहित्य, धर्म तथा अन्य सामाजिक तथा सांस्कृतिक धरोहर, पहिचान र विशिष्टतालाई समावेश गरी निर्माण गरीएको **स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक**लाई कार्यान्वयनमा ल्याइनेछ ।

११४. शिक्षामा सबैको पहुँच र शैक्षिक गुणस्तर अभिवृद्दिकालागीसरकारी तथा गैर सरकारी संस्था र सरोकारवाला निकायहरुसँग **समन्वय र सहकार्य** गरीनेछ ।

११५. **बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरु**लाई बिगतका वर्षमा बढाइएको सुविधालाई निरन्तरता दिइनेछ ।

११६. सामुदायिक विद्यालयको **भौतिक पूर्वाधार मर्मत** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११७. गाउँपालिकाको शैक्षिक सुधारकालागी**अभिभावक शिक्षा** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११८. विद्यालयमा सञ्चालित कक्षा, विद्यार्थी संख्या, भुगोल अनुसार तहगत तथा विषयगत शिक्षक व्यवस्थापन गर्न पालिकाभित्रको **दरबन्दी मिलान** प्रक्रियालाई निरन्तरता दिईनेछ ।

११९. गाउँपालिका भित्रका विद्यालयमा **रिक्त भएको शिक्षक तथा कर्मचारीहरुको पदपूर्ति**लाई सरल, सहज र प्रभावकारी तरिकाले यथाशिघ्र व्यवस्थापन गरीनेछ ।

१२०. गाउँपालिका भित्रका विद्यालयमा गुणस्तर सुधार साथै उचित व्यस्थापनका आधार सृजना गर्न पालिकाले निर्माण गरेको **गाउँ शिक्षा योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा** ल्याइनेछ ।

१२१. विद्यालयमा **बालमैत्री वातावरण सृजना** गरी विद्यार्थीहरुलाई अभिप्रेरणा, परामर्श तथा आवश्यक सहयोग गरी विद्यालय छाडने दर न्यून बनाइनेछ ।

१२२. **सामुदायिक सिकाइ केन्द्र**हरुलाई थप व्यवस्थित बनाउदै सिकाई केन्द्रमा कार्यरत कर्मचारीहरुलाई बिगतका वर्षमा प्रदान गरीएको पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।

१२३. विद्यार्थीहरुको चौतर्फी विकास गर्ने उद्देश्यले आधारभूत तह कक्षा १-८ का विद्यार्थीलाई लक्षित गरी **अतिरिक्त क्रियाकलापहरु** सञ्चालन गरीनेछ ।

१२४. सबै विद्यालयहरुमा स्वच्छ र सफा **पिउने पानी**को व्यवस्था गरीनेछ ।

१२५. बालबालीकाहरुलाई कक्षाकोठमा सहज र सरल तरिकाले अध्ययन गर्नकालागी**बालमैत्री कक्षाकोठा व्यवस्थापनमा** जोड दिइनेछ ।

१२६. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा प्रभावकारीता ल्याउन शिक्षक विद्यार्थी नियमितता मार्फत शिक्षकको शिक्षण सिकाइ समयलाई अधिकतम उपयोग गर्ने उद्देश्यले **(Teacher Spend Time)** शिक्षण सिकाइ समय कार्यान्वयन डायरी निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२७. **"समयसापेक्ष, प्रविधिमैत्री, प्राविधिक र गुणस्तरीय शिक्षाःमाछापुच्छ्रे गाउँपालिकाको इच्छा"** भन्ने नाराका साथ विद्यालयका शैक्षिक कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रधानाध्यापककालागीक्षमता विकास तालिम तथा शिक्षकहरुकालागीपेशागत विकास तालिम, विद्यालय लेखा प्रणाली सम्बन्धी तालिम, शैक्षिक सामग्री निर्माण तालिम तथा प्रदशनी, सूचना तथा सञ्चार प्रविधि सम्वन्धि तालिम (IEMIS Training) लगायतका तालिम कार्यक्रम सञ्चालन गरी विद्यालयका प्रधानाध्यापक तथा शिक्षकको **पेशागत क्षमता विकास** गरीनेछ ।

१२८. विद्यालय प्रशासनलाई चुस्त र दुरुस्त राखी विद्यालयको समग्र पक्षको सुधार गर्नकालागीविद्यालयका प्रधानाध्यापकको महत्वपूर्ण भूमिका रहने भएकोले प्रधानाध्यापकहरुलाई प्रदान गर्दै आएको **प्रोत्साहन भत्ता**लाई निरन्तरता दिइनेछ ।

१२९. आधारभूत तह कक्षा ५ को **वार्षिक परीक्षा**लाई पनि आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) जस्तै गरी पालिका स्तरीय बनाई अझ  व्यवस्थित र मर्यादित बनाउदै लगिने छ ।

१३०. विद्यालयहरुलाई **सूचना प्रविधिमैत्री** बनाउदै शिक्षण सिकाइमा प्रविधिको प्रयोगलाई जोड दिई कम्प्युटर नभएका विद्यालयमा कम्प्युटर र प्रिन्टरको व्यवस्था गरीनेछ ।

१३१. विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि कार्यपालिका, अनुगमन समिति, शिक्षा शाखा, जनप्रतिनिधि, अभिभावक एवं नागरीक समाजमार्फत **नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षण**मा विशेष जोड दिने नीति अवलम्ब गरीनेछ ।

१३२. **प्रसुती महिला शिक्षक** तथा कर्मचारीले पाउने ९८ दिन प्रसुती विदा अवधिभर निजको सट्टा शिक्षक तथा कर्मचरी राख्ने व्यवस्था मिलाई विद्यालयको शैक्षिक तथा प्रशासनिक सुधारको नीतिलाई निरन्तरता दिइने छ ।

१३३. बालबालीकालाई विद्यालय शिक्षाबाट बञ्चित हुन नदिन विद्यालयमा टिकाइ राख्न र शैक्षिक गुणस्तरमा सुधार ल्याउनकालागी**दिवा खाजा**लाई व्यवस्थित बनाईनेछ ।

१३४. सामुदायिक विद्यालयका कक्षा ६-१२ सम्म अध्ययनरत  छात्राहरुलाई नियमित रुपमा विद्यालयमा उपस्थित गराउन तथा प्रजनन स्वास्थ्यमा सुधार ल्याउन उपाध्यक्षसँग छात्रा लक्षित कार्यक्रम अन्तर्गत गुणस्तरीय **सेनिटरी प्याड** र प्राथमिक उपचारका सामग्रीहरु निःशुल्क रुपमा वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१३५. भेडाबारी प्राविधिक शिक्षालयमा अध्ययन गर्ने पालिका भित्रका स्थानीय विद्यार्थीहरुलाई प्रति वडा बढीमा २ जना विद्यार्थीका दरले प्रदान गर्दै आएको **प्राविधिक शिक्षा छात्रवृत्ति**लाई निरन्तरता दिईनेछ ।

१३६. शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउन पालिका स्तरीय **शैक्षिक क्यालेण्डर** निर्माण गरी सोही अनुसार पठनपाठन गर्ने व्यवस्था मिलाउनुका साथै शिक्षकलाई शिक्षक पाठयोजना डायरी, विद्यार्थीकालागीगृहकार्य डायरी र विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण पुस्तिका प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१३७. पालिकालाई शैक्षिक हबको रुपमा विकास गर्न पालिकामा विद्यालय शिक्षा परीक्षा **(SEE) केन्द्र**, प्राविधिक धारको विद्यालय र शिक्षा सञ्चालन गर्ने कलेज सञ्चालन गर्ने कार्यका लागी आवश्यक पहल गरीनेछ ।

१३८. विद्यार्थीको सिकाई उपलब्धिप्रति शिक्षकलाई पूर्ण जिम्मेवार बनाउन कक्षा ५, ८, १० र १२ का वार्षिक परीक्षाहरुमा आफूले अध्यापन गर्ने विषयमा उत्कृष्ट नतिजा हासिल गरी गुणस्तर सुधारमा उल्लेखनीय योगदान पुर्याउने विषय शिक्षकहरुलाई तहगत रुपमा **वर्ष शिक्षक छनौट** गरी पुरस्कृत गरीनेछ ।

१३९. शुक्रबारीय सह तथा अतिरिक्त कार्यक्रमहरुलाई व्यवहारीक बनाउदै बालबालीकाको **व्यवहार कुशल सीप विकास** गर्ने खालका क्रियाकलापहरुमा जोड दिन **Friday For Future** कार्यक्रम सञ्चालन गरीनेछ ।

१४०. पालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम **(TEVT)** अन्तरगत सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्दै बालबालीकालाई **सिक्दै कमाउदै, कमाउदै सिक्दै** गर्ने वाताबरण सिर्जना गरी प्रविधिक ज्ञान सहित विद्यार्थीलाई आत्मनिर्भर बनाउन जोड दिइनेछ ।

१४१. पालिका भित्रका आधारभूत सीप सिकेका व्यक्तिहरुकालागीगण्डकी प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा **सीप परीक्षण**को व्यवस्था गर्नुका साथै आवश्यकताका आधारमा विभिन्न सीपमुलक तालिम सञ्चालन गर्दै सीपयुक्त जनशक्ति उत्पादनमा पहल गरीनेछ ।

१४२. हरेक वर्ग, क्षेत्र, समुदाय, सम्प्रदाय, जातजाती लगायत गरीब, पिछडिएको क्षेत्रका बासिन्दा, अशक्त, अपाङ्गता भएका व्यक्ति, युद्ध तथा द्वन्दमा परेका व्यक्ति, घरेलु श्रमिक, सडक बालबालीकालाई शिक्षाको मूलधारमा समावेश गराई गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाउन जोड दिइनेछ

**<u>युवा तथा खेलकुद</u>**

१४३. नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, गाउँपालिका र अखिल नेपाल फुटवल संघ (ANFA) को सहकार्यमा वडा नं.६ मा प्रस्तावित(ANFA Technical Center) को निर्माण गर्नकालागीपहल गरीनेछ ।

१४४. युवा जनशक्तिलाई गाँउविकास अभियानमा संलग्न गराउन आवश्यक **नेतृत्व विकास,** उत्प्रेरणा, चरित्र निर्माण तालिम तथा कार्यक्रमलाई सञ्चालन गरीनेछ ।

१४५. जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदमा सहभागिता जनाउने खेलाडी, समूह तथा ब्यवस्थापन टोलीलाई पालिकाको तर्फबाट आवश्यक सहयोगको ब्यवस्था गरीनेछ ।

१४६. **अध्यक्षकप** खेलकुल प्रतियोगिता अन्तर्गत गण्डकी प्रदेश गाउँ पालिकास्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता कार्यक्रम सञ्चालन गरीनेछ ।

१४७. सामुदायिक विद्यालयका विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागी विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापको रुपमा खेलकुदमा सहभागी गराउने तथा खेलाडी पहिचान तथा प्रवर्धनका लागी **विद्यालय स्तरीय खेलकुद प्रतियोगिता** सञ्चालन गरीनेछ ।

१४८. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई निरन्तरता दिँदै यस कार्यक्रमलाई गाउँपालिकाको एक महत्वपूर्ण **खेलकुद उत्सवको** रूपमा मनाइनेछ।

१४९. सार्वजनिक-निजी साझेदारीको माध्यमबाट युवा लक्षित उद्यम व्यवसायलाई प्रवर्द्धन गरीनेछ।

१५०. **स्थानीय स्काउट** मार्फत युवामा असल आचरण ,स्वावलम्बन र स्वयंसेवी भावनाको विकास गर्दै युवालाई मानवीय सेवा र विपद् व्यवस्थापन जस्ता क्षेत्रमा परिचालन गरीने छ ।

१५१. खेलकुद क्षेत्रलाई अगाडी बढाउन लागी **खेल सगँसगै युवा** भन्ने उदेश्यका साथ पालिका स्तरमा गठन भएको खेलकुद विकास समितिलाई क्रियाशिल बनाउदै पालिका भित्र खेलकुदका विविध कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

१५२. पालिका भित्रका १६-२४ वर्षका युवाहरुलाई लक्षित गरी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरी युवालाई समाज सेवा तथा स्वदेशमै पेशा व्यवसाय र रोजगारीका लागी प्रोत्साहन गरीनेछ ।

१५३. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई आवश्यकता र औचित्यका आधारमा क्रमश: समायोजन र मर्ज गर्दै लैजाने नीति लइनेछ ।

१५४. एक पालिका एक खेलमैदान कार्यक्रम अन्तर्गत माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ मा रहेको महेन्द्र माध्यमिक विद्यालयलाई स्तरोन्नतीकोलागीआवश्यक पहल गरीनेछ ।

## स्वास्थ्य

१५५. नेपाल सरकारले महत्वपूर्ण कार्यक्रम स्वास्थ्य विमा कार्यक्रमलाई माछापुच्छ्रे गाउँपालिकावा सीको स्वास्थ्यको अवस्था, आर्थिक स्थिति र पहुँच न्यून भएकोले स्वास्थ्य विमा गर्ने परिवारको संख्या न्यून भएकोले आर्थिक रुपमा उपचार गर्न नसकी रोग जटिल हुदै जाने क्रमलाई रोक्न गाउँपालिकाले प्रति परिवार निश्चित प्रतिशत अनुदान दिई वीमा कार्यक्रमलाई प्रभावकारी र सबै घरधुरीसम्म पुर्याइने लक्ष्य राखिएको छ । यस आर्थिक वर्ष २०८२/८३मा ३००० परिवारलाई समेटिने लक्ष्य राखिएको छ ।

१५६. स्वास्थ्य बिमा कार्यक्रममा दर्ता सहयोगी निष्क्रिय भई लाभग्राहीलाई असुविधा वा बिमा कार्यक्रमप्रति नैरास्यता भई सेवा लिन गाह्रो भएको अवस्थालाई सुधार गर्न वीमा कार्यालयसँग समन्वय गरी नयाँ दर्ता सहयोगी छनौट गरी सक्रिय दर्ता प्रक्रिया गरीने र दर्ता सहयोगीलाई थप सुविधाको व्यवस्था गरीने छ।

१५७. विगत वर्षहरुमा माछापुच्छ्रे गाउँपलिकामा रहेको घरमा प्रसुती हुने दर १०% बाट घटेर १.५ % भएको छ यो क्रमलाई शून्यमा झार्न उपाध्यक्षसँग गर्भवती सुरक्षा अन्तर्गत सुत्केरी पोषण कार्यक्रम, गर्भवती सुरक्षा कार्यक्रम, प्रसुतिका लागी उद्दार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५८. लाहाचोक स्वास्थ्य चौकीलाई ग्रामिण स्वास्थ्य प्रवर्धन केन्द्रमा स्तरोन्नति गरी चिकित्सक र ल्याव भिडियो एक्सरे, ई.सी.जी सेवा, एक्सरे सेवा सहित सुविधायुक्त स्वास्थ्य संस्थाको रुपमा विकास गरीने छ । यस संस्थाबाट स्वास्थ्य बीमा कार्यक्रमको शुरु दर्ता अर्थात रेफर सेन्टरको रुपमा स्वास्थ्य विमा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइने छ ।

१५९. भेडावारी प्राथमिक स्वास्थ्य केन्द्रलाई रंगरोगन र रुफ टंकीको व्यवस्था गरीने छ । साथै यो संस्थामा प्रयोगशाला सुदृढ गर्न एनालाईजर मेशिन उपलव्ध गराइने छ ।

१६०. महिला स्वास्थ्य स्वयम् सेविकाहरुको ज्ञान, सीप क्षमतामा अभिवृद्धि गर्दै मासिक रुपमा उपलब्ध गराइएको यातायात खर्च रकम प्रदेश सरकारबाट मासिक यातायात खर्च र संघीय सरकारले मासिक रिपोर्टिंग भत्ता दोहोरो सुविधा नहुने गरी गाउँपालिकाले थप प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६१. महिला स्वास्थ्य स्वयंसेविका सन्जाललाई थप सक्रिय बनाउदै गाउँपालिका स्तरमा महिला स्वास्थ्य स्वयंसेविका संजाल कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइने छ । माछापुच्छ्रे गाउँपालिकामा स्वयंसेविकाहरुसँग जनप्रतिनिधि भेटघाट, हरितालिका तीज कार्यक्रम साथै स्वयंसेविका दिवस कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१६२. ३० बर्ष देखि ५५ बर्ष भित्रका महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्क्रिनिंग गर्ने कार्यक्रम (HPV-DNA) विधिबाट) लाई थप वडाहरुमा विस्तार गरी पहुँचयोग्य बनाइनेछ ।

१६३. विद्यालय नर्सिङ कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइने छ ।

१६४. नसर्ने रोग उच्च रक्तचाप र मधुमेहको औषधी स्वास्थ्य संस्थामा अभाव हुदै गएकोले स्वास्थ्य जटिलता आउँन नदिन Amlodipine र metformin औषधी खरिद गरी नियमित वितरण गर्ने व्यवस्था मिलाइने छ ।

१६५. स्वास्थ्य सस्थाबाट वितरण गरीने औषधिहरु/औजार उपकरणहरुको आपूर्तिको व्यवस्था नियमित र निरन्तरता बनाइने छ ।

१६६. गाउँपालिकाका सबै वडाका टोल टोलमा आँखा परीक्षण शिविर सञ्चालन गरीने छ ।

१६७. नेपाल विकास समाजसँग समन्वय गरी नसर्ने रोगको स्क्रिनिंग साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई रक्तचाप र सुगर जाँच गर्ने तालिम उपलब्ध गराइने छ तालिम पश्चात समुदायमा निरन्तर सेवा दिने व्यवस्था मिलाइने छ ।

१६८. दाँत र कान सम्बन्धी उपचार र परामर्शको लागी गैरसरकारी संस्थासँग समन्वय गरी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरीने छ ।

१६९. जिवाय नेपालसँग समन्वय गरी संचालन गर्दै आएको मुख स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१७०. बालमैत्री गाउँपालिका घोषणा गर्न स्वास्थ्य अन्तर्गतका सूचांङकहरु परिपूर्ति गर्न विभिन्न कार्यक्रम साथै तथ्याङक संकलन कार्य प्रभावकारी बनाइने छ ।

१७१. पूर्णखोप सुनिश्चित गाउँपालिकालाई दिगोपना गर्दै विद्यालय नजाने १०-१४ बर्ष उमेरका किशोरी र विद्यालयमा अध्ययनरत कक्षा ६ का किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्दको खोपलाई निरन्तरता दिइने छ ।

१७२. एकीकृत स्वस्थ्य सेवा तथा तनाव व्यवस्थापन योग शिविर थेरापी सेवा विस्तारमा कार्यक्रमलाई जोड दिइने छ ।

१७३. दुई बर्ष भित्रका बालबालीकाहरुको नियमित तौल परीक्षण र अनुगमन गरी पोषण स्थितिमा सुधार ल्याइने छ ।

१७४. ल्वाङघलेल स्वास्थ्य चौकीको निर्माण कार्य सम्पन्न गरी स्वास्थ्य सेवा नयाँ भवनबाट सुचारु गर्ने प्रवन्ध मिलाइने छ ।

१७५. सिधिङ सामुदायिक स्वास्थ्य इकाईको सञ्चालन तथा व्यवस्थापन गाउँपालिबाट गर्ने व्यवस्था मिलाइने छ।

१७६. वडा नं. १ मा निर्माणको क्रममा रहेको सामुदायिक स्वास्थ्य इकाईको लागी आवश्यक श्रोतको व्यवस्थापन गरीने छ ।

१७७. EHMIS /Elmis /e-TB /DHIS-२ लाई थप प्रभावकारी बनाउन समय मै रेकर्ड साथै रिपोर्टिंग गर्ने व्यवस्था मिलाइने छ।

१७८. स्वास्थ्य संस्थाहरुमा भएको सामुदायिक औषधी कार्यक्रम अन्तर्गतको कोष गाउँपालिकामा सुरक्षित हुने गरी एकीकृत गरी व्यवस्थापन गरीनेंछ ।

१७९. स्वास्थ्य संस्थाहरुको आर्थिक अनुशासन कायम गर्न लेखापरीक्षण गर्ने कार्यलाई नियमित गरीनेछ ।

१८०. खोप तथा गाउँघर क्लिनिक व्यक्ति तथा विद्यालयमा संचालन गर्दा सेवाको गुणस्तर कायम भएको नदेखिएकाले सबै वडाहरुसँग समन्वय गरी उचित स्थानमा खोप तथा गाउँघर क्लिनिकको भवन निर्माणमा पहल गरीनेछ ।

१८१. चिकित्सक सहितको स्वास्थ्य टोलीद्धारा सबै वडामा समय समयमा स्वास्थ्य शिविर संचालन गरी स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

**<u>लैङ्गिक तथा सामाजिक समावेशीकरण</u>**

१८२. बालमैत्री स्थानीय शासन अवलम्बन कार्यक्रम अन्तर्गत माछापुच्छ्रे गाउँपालिकाका सबै वडाहरुमा घोषणा पश्चात बालमैत्री गाउँपालिका घोषणा गरीने छ ।

१८३. गाउँपालिकाका स्थायी बसोबास भएका नागरीकबाट जन्मेका नवजात बालीकाको सुनौलो भविष्यको लागी उनीहरुको नाममा बैंक खाता खोली रकम जम्मा गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

१८४. बालवालिकाहरुको हक र अधिकारका विषयमा सरोकारवाला निकायहरुसँग बाल संवाद कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१८५. राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागी महिलाहरुको प्रभावकारी सहभागिता र समान अवसर प्रदान गरीनेछ ।

१८६. लैङ्गिक हिंसा विरुद्धमा पुरुषको ऐक्यवद्धता कार्यक्रम अन्तर्गत महिला तथा पुरुषहरुका लागी समविकास तालिम सञ्चालन गरीने छ ।

१८७. गाउँपालिका र सरोकारवाला निकायहरू बीचको समन्वय र सहकार्यमा शारीरिक एवम् मानसिक रूपमा कमजोर र असहाय जेष्ठ नागरीकलाई आवश्यक सेवा-सुविधा प्रदान गरीनेछ।

१८८. महिलाहरुलाई आत्मनिर्भर बनाउनको लागी उद्यमशिलताको विकास गर्ने र बालमैत्री स्थानीय शासनको अवधारणालाई अबलम्वन गर्न **उपाध्यक्षसँग महिला तथा बालबालीका कार्यक्रमलाई** निरन्तरता दिइने छ।

१८९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण साथै परीक्षण गरीने छ ।

१९०. आर्थिक अभावका कारण उच्च शिक्षाबाट बञ्चितिमा परेका छात्र/छात्राका लागी सामुदायिक तथा सरकारी शैक्षिक संस्थाहरूमा अध्ययन गर्न **उच्च शिक्षा शैक्षिक छात्रवृत्ति** कार्यक्रम सञ्चालन गरीनेछ ।

१९१. हिंसा पीडित महिलाहरुलाई तत्काल उद्दार गरी पुनस्थापनका लागी विशेष आर्थिक सहयोग प्रदान गरीनेछ।

१९२. स्थानीय तहले सञ्चालन गर्ने हरेक विषयका कार्यक्रममा महिला, बालबालीका, जेष्ठ नागरीक अपाङगता भएका व्यक्तिहरुको अर्थपूर्ण तथा प्रभावकारी सहभागिताको सुनिश्चितता गरीनेछ।

१९३. अपाङगता भएका व्यक्ति दलित युवाहरु साथै जनजातिहरुलाई स्वरोजगार बनाउनको लागी माग र आवश्यकतामा आधारित विभिन्न आय आर्जनमूलक तालिम सञ्चालन गरीनेछ।

१९४. महिला, जनजाति, बालबालीका, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरीकहरुको हक अधिकार सुनिश्चित गर्न लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति अनुसार कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरीनेछ ।

१९५. महिलाहरुको क्षमता विकास, उद्यम सहायता, स्वरोजगारी तथा लैंङ्गिक हिंसा विरुद्ध कार्यक्रम सञ्चालन गरीनेछ ।

१९६. बालविवाह अन्त्य लगायत समाजमा व्याप्त अन्धविश्वास, कुरीति, लान्छना, बोक्सी प्रथा, छुवाछुत तथा बालहिंसा जस्ता विकृति हटाउन विशेष सचेतनामूलक कार्यक्रम संचालन गरीनेछ ।

१९७. महिलाहरुलाई आत्मनिर्भर बनाउनको लागी प्रत्येक वडामा सीप विकास तालिम सञ्चालन गरीनेछ।

१९८. अपाङ्गता भएका व्यक्तिहरुलाई डिजिटल परिचयपत्र वितरण गरीनेछ साथै वितरण गरीएकाको नियमित अनुगमन गरीने छ ।

१९९. जेष्ठ नागरीकहरुका लागी दिवा मनोरञ्जन स्थलहरु निर्माण गर्दै लगिने छ । स्थापना भएका दिवा मनोरञ्जन स्थललाई थप व्यवस्थित गर्दै लगिनेछ ।

२००. जेष्ठ नागरीक सम्मान कार्यक्रम सञ्चालन गरीनेछ ।

२०१. घरेलु हिंसा, कुटपिट लगायतका घटनाहरुबाट पीडित व्यक्तिहरुको आकस्मिक उपचारको लागी संरक्षण आदेश पालना नीति लिई यस्ता गतिविधिहरुलाई निरुत्साहित गरीने छ ।

२०२. अभिभावक विहीन बालबालिका तथा जोखिममा रहेका बालबालीकाको उद्दार, संरक्षण एवम् व्यवस्थापन गर्न गाउँपालिकामा बालकोषको स्थापना गरीने छ ।

२०३. लक्षित वर्गसँग सम्वन्धित विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस मेला उत्सव मनाएर सबैको समान सहभागीताको सुनिश्चित गरीनेछ ।

## वन वातावरण तथा विपद व्यवस्थापन समिति

२०४. प्रत्येक वडामा विपद् सुचक समुहको व्यवस्था गरीनेछ।

२०५. वन बाताबरण संरक्षण तथा दिगो बिकास र पर्यावरण संरक्षणका कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

२०६. विपद् जोखिम न्यूनीकरण गर्न वडा विपद् सुचक समुह, सेना, प्रहरी, गैरसरकारी संस्था, बिकास परियोजनाहरुको वीचमा आवश्यक समन्वय गरीनेछ।

२०७. तीन तह वीचको समन्वयलाई प्रभावकारी बनाइने छ ।

२०८. गाउँपालिका भित्र फैलन सक्ने महामारी नियन्त्रण गर्न सञ्चालित प्रकोप व्यवस्थापन कोषलाइ निरन्तरता दिइनेछ।

२०९. वन तथा वातावरणजन्य प्रकोपका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिबृद्धि गरीनेछ ।

२१०. वन तथा वातावरण सम्बन्धी प्रमुख प्रकोपहरुको जोखिम पूर्वानुमान गरी संस्थागत बिकास तथा विपद् सुचना प्रणालीको व्यवस्था गरी क्षमता अभिबृद्धि गरीनेछ।

२११. प्रकोप जोखिम क्षेत्रको प्राथमिकीकरण गरी निर्दिष्ट योजना तथा कार्यबिधि तयार गरी लागु गरीनेछ ।

२१२. डोजरको अनियन्त्रित प्रयोगलाई निरुत्साहित गरीनेछ । सडक निर्माणको क्रममा देखिएका भु-क्षय तथा प्रकोपलाई न्युनीकरण हुने गरी विकास व्यवस्थापन गरीनेछ ।

२१३. Bio-Engineering प्रबिधिलाई प्रोत्साहन गरी पहिरो रोकथाम तथा नदी कटान नियन्त्रण गरीनेछ ।

२१४. विपद् जोखिमयुक्त क्षेत्र पहिचान सूचना प्रबाह र विपद् पूर्व तयारी तथा उद्धार र राहत कार्यलाई तदारुकताका साथ कार्यान्वयन गर्ने नीति अवलम्वन गरीनेछ।

२१५. मर्दिखोला नियन्त्रण र दिगो व्यवस्थापनको लागी DPR निर्माण गरी खोला घर छुट्याइ दीर्घकालिन गुरुयोजना तयार गरी व्यवस्थित गर्ने नीति अवलम्वन गरीनेछ ।

२१६. पालिकास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गरीनेछ ।

२१७. स्थानीय समुदायलाई मनसुनजन्य विपद् प्रति जागरुक गराउन र जनचेतना अभिबृद्धि गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ ।

२१८. विपद्को समयमा आवश्यक पर्ने खोज उद्धार तथा राहत सामाग्रीहरुको व्यवस्थापन गर्ने नीति लिइनेछ । नगर प्रहरीलाई प्रतिकार्यको लागी आवश्यक स्रोत साधन सहित तयारी अवस्थामा राख्रे निती लिइनेछ र पालिकामा रहेका स्वयंसेवकहरु पूर्ण परिचालन गर्ने नीति लिइने छ ।

२१९. मनसुन अगावै सहर बस्तीका ढल सफा गर्ने, खोलानालामा अत्यधिक थुप्रिएका गेग्रान हटाउने तथा पानीको निकासहरु खोल्ने कार्य गरीनेछ ।

२२०. स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाई मनसुन प्रतिकार्यको लागी पालिकास्तरमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी सञ्चालन गरीनेछ ।

२२१. मनसुन पूर्व सूचना प्रणालीको जडान तथा विकास गरीनेछ।

२२२. विपद्को समयमा वजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ ।

## पुर्वाधार विकास समिति

**पुर्बधार विकास समग्र**

२२३. दिगो विकासको लागी भौतिक पूर्वाधारको विकासका लागी माछापुच्छ्रे गाउँपालिकाको आवधिक योजना २०८१/८२-२०८५/।८६ आगामी वर्ष देखि कार्यान्वयनमा लगिनेछ ।

२२४. कालो पत्रे तथा पक्की सडक, पुल कल्भर्ट लगायतका उच्च प्रविधि र हेभी मेसिनेरी इक्युपमेन्टहरु प्रयोग गरी निर्माण गरीने कार्यहरु दक्ष तथा प्रविधिको उच्च अनुभव भएका व्यवसायी मार्फत निर्माण कार्य गराउन जोड दिइनेछ।

२२५. योजनाको यथार्थ विवरण संकलन तथा फरफारक गर्दा सम्झौता भन्दा अगाडिको निर्माण स्थलको फोटो , निर्माणधिन अवस्थाको फोटो र निर्माण सम्पन्न गर्दाको फोटो राखिने कार्यलाई निरन्तरता दिईनेछ ।

२२६. गाँउ तथा वस्तीहरुमा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाको उपभोक्ता समिती, स्थानीयवासी तथा सरोकारवालाहरुलाई सुसुचित गराउन क्षमता अभिवृद्धि, अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीनेछ।

२२७. माछापुच्छ्रे गाउँपालिकामा कार्यन्वयनमा रहेको माछापुच्छ्रे गाउँपालिकाको लागत साझेदारीमा पुर्बाधार विकास सम्बन्धी कार्यविधी, २०८० समयानुकूल संशोधन गर्दै साझेदारी कोषमा आवश्यक रकम विनियोजनको व्यवस्था मिलाइने छ ।

२२८. गाउँपालिका अन्तर्गत निर्माण हुने ठूला आयोजनाहरूको कार्यान्वयनकोलागीसम्भाव्यता अध्ययन, वातावरणीय प्रभावको अध्ययन एवम् विश्लेषण गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी सोको आधारमा निर्माण कार्य अगाडी बढाइनेछ ।

२२९. मापदण्ड अनुरुप समयमै काम सम्पन्न गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई हौसला प्रदान गर्न पुरस्कृत गरीनेछ ।

**सडक**

२३०. पालिकाको समग्र पूर्वाधार विकासकालागीयस अघिका वर्षहरुमा सञ्चालित भएका आयोजनाका रुपमा क्रमागत चलिरहेका योजनाहरुलाई निरन्तरता दिइनेछ ।

२३१. पालिकाभित्र यातायातलाई थप व्यवस्थित गर्नकालागीयातायात, गुरुयोजना तयार गरीनेछ । गाँउपालिका भित्रका सडकहरुको तथ्याङ्क लिई Road Inventory निर्माण गरीनेछ ।

२३२. प्रदेश राजधानीबाट गाउँ पालिकाको केन्द्र जोड्ने सडकको बाकी रहेको खण्ड सम्पन्न गरीनेछ । गाउँ पालिकाबाट वडा जोड्ने सडकलाई क्रमिक रुपमा कालोपत्रे गर्ने कार्य अगाडी बढाइनेछ । सबै वडाका सहायक बाटोहरूलाई स्तरोन्नती गरी बाह्रै महिना सवारी साधन सञ्चालन गर्न सक्ने बनाइनेछ। ग्रामिण कृषि सडकहरूको निर्माण तथा स्तरोन्नती गरीनेछ ।

२३३. नयाँ ट्रयाक खोल्न औचित्यको आधारमा मात्र स्वीकृति दिइ भैरहेका सडकहरुलाई नाला निर्माण, ग्राभेलिङ तथा कालोपत्रे गर्दै जाने नीति लिइनेछ। मापदण्ड पुगेका सडकहरुलाई स्तरोन्नती गर्दा ६० प्रतिशत पक्कि संरचना निर्माण गरेर मात्र अन्य निर्माण कार्य गरीनेछ ।

२३४. गाउँपालिका सम्पुर्ण वडामा सहज यातायात पहुँच तथा वडा कार्यालय जोड्ने सडक सञ्जाल स्तरोन्नती गरीनेछ ।"**एक वडा एक पक्की सडक**" को निती अवलम्बन गरीनेछ।

२३५. समयमै काम सम्पन्न गर्न तथा प्राकृतिक प्रकोप बाढी पहिरो जस्ता प्राकृतिक विपदवाट क्षती पुगेका सडक तथा अन्य संरचनालाई यथाशीघ्र सञ्चालनमा ल्याउन सरोकारवालालाई परिपत्र तथा परिचालन गरीने छ । सडक व्यवस्थापन तथा मर्मत सम्भार कार्यक्रम सञ्चालन गरीनेछ।

२३६. यातायात सेवालाई सञ्चालन गर्न गाउ स्तरीय बस, जीप तथा टेम्पो जस्ता यातायातका साधनलाई ३६५ दिन नै सेवा सञ्चालन गर्न सेवा प्रदायाक संघ/संस्थाहरुसँग समन्वयात्मक भूमिका निर्वाह गरी स्थानीय जनतालाई यातायात सेवामा थप पहुँचको सुनिश्चितता गराइने छ ।

### पुल तथा झोलुंगे पुल

२३७. गाउँपालिका, संघ र प्रदेश सरकारको साझेदारीमा गाउँ पालिकाभित्र आवश्यक स्थानहरूमा नयाँ झोलङ्गे पुलहरूको निर्माण तथा विद्यमान झोलुङ्गे पुलहरूको मर्मत गरिदै लगिने छ ।

२३८. संघ तथा प्रदेशसँ गको समन्वयमा मर्दी, सेती नदी तथा अन्य आवश्यक स्थानहरूमा मोटरेवल पुल निर्माणका लागी आवश्यक पहल गरीने छ ।

२३९. आँखले तारा र सिधिङ जोड्ने पुल, तादीखोला पुल, नागीखोला पुल, तातो पाती — भराभरी जोड्ने पुल, मर्दी सेती जोड्ने मोटरेबल पुल निर्माण गर्न पहल गरीने छ ।

### भवन

२४०. गाउँ पालिकाको नवनिर्मित प्रशासकीय भवनको आवश्यक पुर्वाधार निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गरीनेछ ।

२४१. गाउँपालिका भित्र रहेका पुराना स्वास्थय चौकी लाई स्तरोन्नती लागीआवश्यक पहल गरीने छ।

२४२. यस गाउँपालिका भित्र निर्माणाधिन तातो पानी स्वास्थ्य इकाई वडा नं. ०१ र वडा नं. ९ को ल्वाङ घलेल स्वास्थ्य चौकीको निर्माण कार्य सम्पन्न गरीनेछ ।

२४३. भौतिक पूर्वाधार अभाव भएका विद्यालयहरूको भवन निर्माण लगायत अन्य संरचनाहरूको निर्माण कार्यलाई संघ, प्रदेश र अन्य दातृ निकायहरूसँ गको सहकार्यमा निरन्तरता दिइनेछ ।

२४४. गाउँ पालिकाबाट निर्माण गरीने भवन लगायत भौतिक संरचनाहरू लैंगिक, बालबालीका तथा अपांगमैत्री र भूकम्प प्रतिरोधी बनाउनुका साथै भवन आचारसंहिताको पूर्ण परिपालना गरीनेछ।

२४५. गाउँ पालिकाभित्रका वडा कार्यालय, स्वास्थ्य संस्था, प्रहरी चौकी, ज्येष्ठ नागरीक दिवा सेवा केन्द्र, बहुउद्देश्यीय भवन निर्माण तथा मर्मतको लागी आवश्यकता अनुसार गाउँपालिका , प्रदेश सरकार र संघीय सरकारहरूसँगको समन्वय र सहकार्यमा निर्माण गर्ने निती अङ्गिकार गरीनेछ ।

२४६. गाउँपालिका भित्रका गरीब, विपन्न, दलित, जनजाती र सिमान्तकृत समुदायका लागी जस्तापाताद्वारा छाना छाउनकोलागीसुरक्षित नागरीक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

### भवन तथा मापदण्ड कार्यन्वयन

२४७. पालिकामा निर्माण हुने सवै घरहरु निर्माण पूर्व अनिवार्य रुपमा भवन निर्माण मापदण्ड अनुरुप नक्सापास गरेर मात्र निर्माण शुरु गर्नु पर्नु व्यवस्थालाई कडाइका साथ लागु गरीनेछ ।

२४८. गाउँपालिका भित्रका अभिलेख गर्न बाँकी भवनहरुको अभिलेखिकरण कार्यलाई तीब्रता दिइने छ ।

२४९. नक्सापास तथा भवन अभिलेखीकरण सम्बन्धी कानूनलाई थप प्रभावकारी बनाउन आवश्यक कानून निर्माण तथा परिमार्जन गरीनेछ ।

### खानेपानी तथा सरसफाई

२५०. खानेपानीमा गाउँपालिकावासीमा स्वच्छ खानेपानीको पहुँच सनिश्चितताकालागीखानेपानीको पहुँच नपुगेका घरधुरीको तथ्यांङक संकलन तथा नक्साङकन गरीनेछ ।

२५१. संघीय तथा प्रादेशिक विशेष खानेपानी योजनाहरुलाई निरन्तरता दिइनेछ । एक घर एक धारा कार्यक्रम सम्पन्न गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य गैरसरकारी संघ/संस्थासँग समन्वय गरीनेछ।

२५२. दिगो विकासको लक्ष्य अनुरुप सबैलाई स्वच्छ खानेपानीको सुनिश्चितताकालागीसवै वडामा पिउनकालागीप्रयोग भैरहेको पानीको गुणस्तर जाँच गरी आवश्यकता अनुसार शुद्धीकरणको व्यवस्था गरीनेछ ।

२५३. पिउने पानी तथा सरसफाई व्यवस्थापनको समुदायको सहभागितालाई प्राथमिकता दिइनेछ ।

२५४. खानेपानी व्यवस्थापनमा देखिएको समस्या यसै आर्थिक वर्षमा समाधान गर्ने गरी आयोजना तथा विशेष व्यवस्थापन संरचना निर्माण गरीनेछ ।

२५५. पालिका तथा वडा भित्रको फोहोरमैला व्यवस्थापन गर्न सम्भाव्य स्थानहरु खोजिनेछ । घरभित्रको फोहोर व्यवस्थापन गर्नकालागीकुहिने र नकुहिने फोहोर छुट्याइ कुहिने फोहोरमैलाबाट प्रांगारिक मल बनाउन जनचेतना र तालिमको व्यवस्था गरीनेछ।

२५६. पोखरा महानगरपालिकाको मुख्य खानेपानीको स्रोतको रुपमा रहेको मर्दिखोलालाई आवश्यक वातावरणीय संरक्षण गर्न पोखरा महानगरपालिका, नेपाल खानेपानी संस्थान साथै सरोकारवाला निकायसँग आवश्यक समन्वय गरीनेछ । खानेपानी मुहान वरपर हुन सक्ने भौतिक तथा जनधनको क्षति न्यूनीकरणको लागी आवश्यक सुरक्षाको प्रबन्ध गरीनेछ । साथै वातावरणीय सेवाको भूक्तानी सिद्धान्त अनुरुप रकम प्राप्त गर्न आवश्यक पहल गरीनेछ ।

## सिंचाई

२५७. उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी जनताको आर्थिक सामाजिक अवस्थामा सदृढीकरणका लागी खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउन साना, ठूला र मझौला सिंचाई योजनाहरूलाई निरन्तरता दिइनेछ ।

## राष्ट्रिय रोजगार कार्यक्रम

२५८. आर्थिक बर्ष २०८२/८३ मा राष्ट्रिय रोजगार कार्यक्रमलाई गाउँपालिकाका सामुदायिक योजनामा पालिकाको शतप्रतिशत लागत साझेदारी कायम गरीनेछ । रोजगारी प्रबर्द्धनसँगै भौतिक पूर्वाधारको समेत विकास गरीनेछ । पालिका साझेदारीमा आवश्यक कार्यविधि बनाई ज्याला खर्च राष्ट्रिय रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामाग्री गाउँपालिकाबाट व्यवस्थापन गरीनेछ ।

२५९. पालिका स्तरमा रोजगारी प्रबर्द्धनकालागीसार्वजनिक निर्माण कार्यहरुमा संभव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारी प्रबर्द्धनमा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा विश्लेषण गरी रोजगार सूचना प्रणालीमा सूची अद्यावधिक गरीनेछ । साथै गाउँपालिका भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी रोजगारी सृजना गरीनेछ ।

२६०. संघ तथा प्रदेशले ल्याएका रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गरी रोजगारीका क्षेत्र विस्तार गर्दै गरीबी निवारण गर्ने तथा रोजगारीका अवसरहरुमा वृद्धि गरीनेछ ।

२६१. आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय निजी र सहकारी क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिदै स्वरोजगारमूलक कार्य गर्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरीनेछ ।

२६२. कुनै पनि काम ठुलो वा सानो हुँदैन भन्ने भावनाको विकास गर्दै स्वरोजगारमूलक जीवनशैली, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण गर्दै "**श्रमको सम्मान राष्ट्रको अभियान**" कार्यक्रम सञ्चालन गरीनेछ ।

२६३. बैदेशिक रोजगारीमा जाने हरेक नागरीकले अनिवार्य श्रम स्वीकृति लिनु पर्ने व्यवस्था तथा वैदेशिक रोजगारीमा थप सहज, व्यवस्थित, मर्यादित एवम् भरपर्दो बनाउन रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारहरुको व्यक्तिगत तथा पुन: श्रम स्वीकृतिको अनलाइन माध्यमबाट सेवा प्रदानको लागी आवश्यक सहयोग गरीनेछ ।

## सामी कार्यक्रम

२६४. वैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारका सदस्यहरुमा देखा पर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागी व्यक्तिगत र सामुहिक मनोपरामर्श सेवाका कार्यक्रमहरु संचालन गरीने छ।

२६५. विद्यालय तहबाट मानसिक स्वास्थ्य सचेतनाका क्रियाकलापहरु सञ्चालन गरीने छ ।

२६६. वित्तीय साक्षरता सम्बन्धी ज्ञान वृद्धि तथा सचेतना सम्बन्धी एकीकृत कार्यक्रम संचालनका लागी वित्तीय साक्षरता रणनीतिक योजना तयार गरीने छ ।

२६७. सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामूलक अभिमुखीकरण कार्यक्रमलांई निरन्तरता दिइने छ ।

## लघु उद्यम विकास कार्यक्रम

२६८. गरीवी निवारणकालागीलघु उद्यम विकास कार्यक्रम मार्फत लघु उद्यमी सृजना गरी स्वरोजगार बनाउनुको साथै थप रोजगारी सृजना गर्नकालागीसंघीय सरकारबाट प्राप्त अनुदानमा पालिकाले आन्तरिक थप वजेटको व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरीने छ ।

२६९. स्थानीय स्रोत साधनको संभाव्यता र बजारको मागमा आधारित उपयुक्त उद्यमहरुको छनौट गरी उद्योग सञ्चालनकोलागीक्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गरीने छ ।

२७०. संचालनमा रहेका लघु उद्यमहरुलाई दिगो रुपमा सञ्चालन गर्नका लागी तालिमको व्यवस्था गरी दीर्घकालीन रुपमा सञ्चालन गर्ने कार्यलाई प्रोत्साहित गरीने छ ।

**गाउँसभा सदस्यज्यूहरु,**

अन्त्यमा, आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित नीति तथा कार्यक्रमले दिगो विकासको लक्ष्य प्राप्ति तथा नागरीकको आवश्यकता तथा चाहना पूरा गर्नेतर्फ लक्षित रहेको व्यहोरा अवगत गराउन चाहान्छु । प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण माछापुच्छ्रे गाउँपालिकावासीहरु लगायत सरोकारवाला सबैको साथ र पूर्ण सहयोगको अपेक्षा गर्दछु । मानव अधिकारको रक्षा, कानूनी शासन, पारदर्शिता, जवाफदेहीता, उत्तरदायित्व र सुशासनको मर्म र भावना तथा विधि प्रक्रियाको अधिनमा रही समुन्नत माछापुच्छ्रेको विकासको सपना साकार पार्न हामी निरन्तरलागीपर्ने नै छौं ।

यस नीति तथा कार्यक्रम तयार पार्न आफ्नो महत्त्वपूर्ण राय, सल्लाह, सुझाव प्रदान गर्नुहुने सम्पूर्ण राजनीतिक दल, बुद्धिजिवी, नागरीक समाज, कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, सामाजिक संघ संस्था, समाजसेवी, सञ्चारकर्मी, कर्मचारी, शिक्षक लगायत सबै प्रति हार्दिक आभार प्रकट गर्दै सम्पूर्ण गाउँपालिकावासीहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।गाउँपालिकाले ल्याएको नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा यहाँहरु सबैको साथ सहयोग र सुझावको निरन्तर सहयोगकालागीसबैमा आह्वान गर्दछु ।

अन्त्यमा,
गाउँपालिकाको समग्र विकासमा सबैको सहकार्य तथा साझा प्रयासबाट जनचाहना वमोजिम विकास कार्य अघि बढाउन योगदान पुर्याउनु हुने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, विकास साझेदार, संचार जगत, नागरीक समाज, गैह्रसरकारी क्षेत्र र सम्पूर्ण गाउँपालिकाबासी प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा गर्दछु ।

तपाइहरुको अमूल्य सुझाव र सकारात्मक टिप्पणीको समेत अपेक्षा गर्दछु ।

**अध्यक्ष**
**मिन बहादुर गुरुङ**
**माछापुच्छ्रे गाउँपालिका, कास्की ।**

मिति : २०८२।०३।०७ गते ।